

Tunnel Inlet क्षेत्र

# दोर्दी-१ जलविद्युत खबर

फाल्गुन २०७४, अंक १५

## आयोजनाको हालको निर्माण अवस्था

आयोजनाको सुरुङ्ग निर्माण कम्पनी माउन्टेन इन्फ्रा कम्पनी प्राइभेट लिमिटेडले आयोजना स्थलको Head works क्षेत्रमा कर्मचारी आवास, स्टोर निर्माण गरिएको छ भने चाहिने विद्युतीय उर्जाको लागि आवश्यक संरचनाको निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ भने Tunnel Outlet क्षेत्रमा पनि कर्मचारी आवासको निर्माण कार्य सुरु गरेको छ । यस्तै, सुरुङ्ग निर्माणका लागि आवश्यक विद्युतीय उर्जाको स्वीकृति लिई ट्रान्सफर्मर साइटमा लगि जडान समेत गरिएको छ ।



Tunnel Works निरिक्षण

साथै, Tunnel Inlet portal works सम्पन्न गरी सुरुङ्ग निर्माण कार्य सुरु गरिएको छ । आगामी महिना देखि सुरुङ्ग निर्माण कार्य द्रुत गतिमा सुचारु गर्ने योजना राखिएको छ । Tunnel works को पर्यवेक्षण र अनुगमन अन्तर्गत पहिलो चरणको निरिक्षण आवश्यक प्राविधिकबाट गरिएको छ । यस आयोजनामा विद्युत उत्पादनका लागि चाहिने जेनेरेटर, टर्वाइन लगायतका इलेक्ट्रोमेकानिकल सामाग्री खरिदका लागि इलेक्ट्रोमेकानिकल ठेकेदारहरुसँग प्राविधिक छलफल भइरहेको छ ।



Tunnel Inlet को Excavation



Tunnel Outlet क्षेत्रमा निर्माणाधीन आवास गृह

साथै सिभिल निर्माण कार्य र हाईड्रो मेकानिकल कार्यका लागि बोलपत्र आव्हान गरी प्राप्त बोलपत्रहरुको बारेमा आर्थिक तथा प्राविधिक मुल्याङ्कन भइरहेको छ । यस कम्पनीले दोर्दी-१ जलविद्युत आयोजनाको पावर हाउस, स्वीचयार्ड र पेनस्टकको सिभिल निर्माण कार्य गर्नका लागि गरिनुपर्ने ठेक्का सम्झौता चैत्र महिना भित्र गर्ने लक्ष्य राखिएको छ ।

दोर्दी -१ जलविद्युत आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइन जोड्नका लागि दोर्दी कोरिडोर प्रसारण लाइन र किर्तिपुरमा नेपाल विद्युत प्राधिकरण द्वारा बनाउनुपर्ने सवस्टेसनको ठेक्का प्रक्रिया सकेर विस्तृत सर्भेको कार्य समेत भइरहेको छ ।



Tunnel Inlet क्षेत्रमा भइरहेको कार्य



Tunnel Outlet सम्मको पहुँच मार्ग



मुख्य सडक देखि सर्ज ट्याङ्क पुग्ने बाटो

यसरी बन्ने प्रसारण लाइन, आयोजनाका भावी संरचनासँग बाझिन नआउन र भविष्यमा यस आयोजनाको प्रसारण लाइन बनाउँदा समस्या नपरोस् भन्ने हेतुले उक्त दोर्दी कोरिडोर प्रसारण लाइनसँग निरन्तर समन्वय गर्ने कार्य जारी छ । यस आयोजनाले स्थानिय प्रशासन र स्थानिय बासिन्दाहरुबाट आयोजना निर्माण प्रक्रियामा निरन्तर साथ र सहयोग प्राप्त गरिरहेको छ ।

**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**